जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९     स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५     अंक २७०     २०८३ साल जेठ २२ गते शुक्रबार (5 June 2026 Friday)     मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु एवम् प्रकृतिमैत्री ... ३ पृष्ठमा : तीन तहका सरकारले ... ३ पृष्ठमा : लेबनान-इजरायल ...




जनआन्दोलन परिचालन समिति गठन गरेर बिटौरी जग्गाको लालपूर्जा माग्दै विगत १४ दिनदेखी आन्दोलनरत राजविराज नगरवासीले बिहीबार साँझ राजविराजमा एक सुत्रिय माग राख्दै प्रदर्शन गर्दै । *तस्बिर : राजविराज दैनिक*

# न्यूनतम मूल्यभन्दा कम दरमा धान खरिद गर्ने खरीदकर्तामाथि कानुनी कारवाही हुने

**दैनिक समाचारदाता**
**राजविराज, २१ जेठ ।**

सरकारद्वारा निर्धारण गरिएको न्यूनतम समर्थन मूल्यभन्दा कम दरमा धान खरिद गर्ने खरीदकर्तामाथि प्रचलित कानुन बमोजिम कारवाही गरिने भएको छ ।

जिल्ला प्रशासन कार्यालयले बुधबार एक सूचना जारी गर्दै नेपाल सरकारले चालु आर्थिक वर्ष २०८३/८४ का लागि धानको न्यूनतम समर्थन मूल्य निर्धारण गरिसकेको भन्दै कृषकलाई कम मूल्य दिई ठगी गर्ने त्यस्ता खरीदकर्तालाई कारवाही गर्ने चेतावनी दिएको हो ।

सरकारद्वारा निर्धारण गरिएको न्यूनतम समर्थन मूल्यभन्दा कम दरमा धान खरिद नगर्न खरिदकर्ता तथा सरोकारवालालाई सचेत समेत गराएको छ ।

सूचनामा सरकारले मोटो धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ३ हजार ६ सय ६० रुपैयाँ तथा मध्यम धानको मूल्य प्रतिक्विन्टल ३ हजार ८ सय ६० रुपैयाँ तोकेको उल्लेख छ ।

न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्बन्धी निर्देशिका, २०८२ मा व्यवस्था भएअनुसार कानुनी प्रावधानको पूर्ण कार्यान्वयन गर्न सबै पक्षलाई आग्रह गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले जारी गरेको सूचनामा भनिएको छ, 'निर्देशिकाविपरीत कार्य गर्ने वा कृषकलाई कम मूल्य दिई ठगी गर्ने खरीदकर्तामाथि प्रचलित कानुन बमोजिम कडा कारवाही हुन्छ ।'

पछिल्लो समय केही खरीदकर्ताले सरकारले तोकेको मूल्यभन्दा कम दरमा धान खरीद गरी कृषकहरूलाई मर्कामा पारेको भन्ने जनगुनासो प्राप्त भएको जनाउँदै सूचनामा कृषकहरूलाई बालीको उचित मूल्य सुनिश्चित गर्न तथा धानको बजार मूल्यमा स्थिरता कायम गर्नु जरुरी रहेको उल्लेख गरिएको छ ।

सूचनामा स्थानीय तहले न्यूनतम समर्थन मूल्यबारे जनचेतना फैलाउने, खरीद प्रक्रियामा सहजीकरण गर्ने, अनुगमन गर्ने तथा कार्यान्वयनका क्रममा देखिएका समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने जिम्मेवारी निर्वाह गर्नुपर्ने भनिएको छ ।

# एसइईमा चिट चोर्न प्रयोग भएका मोबाइल र 'स्मार्टवाच' नष्ट

**दैनिक समाचारदाता**
**सिरहा, २१ जेठ ।**

सिरहामा माध्यमिक शिक्षा परीक्षा (एसइई)मा चिट चोर्न प्रयोग गरिएको आरोपमा बरामद गरिएका ४९६ वटा मोबाइल फोन र पाँच वटा स्मार्टवाच नष्ट गरिएको छ ।

गत चैतमा सम्पन्न एसइई परीक्षाका क्रममा जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट सात वटा आइफोन, ४ सय ८९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल र पाँच वटा स्मार्टवाच बरामद गरिएको थियो । ती उपकरण परीक्षा सञ्चालन निर्देशिका विपरीत प्रयोग भएको भन्दै बिहीबार नष्ट गरिएको हो ।

मधेस प्रदेशकी तत्कालीन शिक्षामन्त्री रानी शर्मा तिवारीले परीक्षामा मोबाइल प्रयोग भएको पाइएमा नष्ट गर्ने बताएकी थिइन् । सोही निर्देशनका आधारमा जिल्ला परीक्षा समन्वय समिति सिरहाले बरामद उपकरण व्यवस्थापनका लागि उपसमिति गठन गरी नष्ट गर्ने निर्णय गरेको थियो ।

शिक्षा विकास तथा समन्वय इकाइका शाखा अधिकृत राजदेव यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान कार्यालयका प्रतिनिधि सम्मिलित पाँच सदस्यीय उपसमिति गठन गरिएको थियो ।

उपसमिति संयोजक यादवका अनुसार बरामद गरिएका मोबाइल तथा स्मार्टवाच जिल्ला प्रहरी कार्यालयमा २४ घण्टासम्म पानीमा राखिएको थियो । त्यसपछि थप प्रयोगयोग्य नहुने गरी नष्ट गरिएको उनले बताए ।

बरामद गरिएका उपकरणको अनुमानित बजार मूल्य रु एक करोडभन्दा बढी रहेको जनाइएको छ । केही अभिभावक तथा सरोकार भएकाले जरिवाना लिएर एकपटकका लागि मोबाइल फिर्ता दिनुपर्ने माग गरेका थिए । तर, सम्बन्धित निकायले परीक्षा मर्यादा कायम राख्नका लागि ती उपकरणको नष्ट गर्ने निर्णय कार्यान्वयन गरेको जनाएको छ ।

मधेस प्रदेशमा एसइई परीक्षाका क्रममा विद्यार्थीबाट बरामद गरिएका मोबाइल यति ठूलो सङ्ख्यामा नष्ट गरिएको यो पहिलो घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# मधेसका १६ प्रतिशत बालबालिकामा कुपोषण

धनुषा, २१ जेठ (रासस) ।

मधेस प्रदेशमा १६ प्रतिशत बालबालिकामा कुपोषणको समस्या देखिएको तथ्याङ्क छ ।

मिथिला नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अशोक भण्डारीले अभियानमार्फत गरिएको परीक्षणले सो तथ्य पत्ता लागेको जानकारी दिनुभयो । स्वास्थ्य निर्देशनालय, मधेस प्रदेशले १३६ स्थानीय तहमध्ये १३३ स्थानीय तहमा गरिएको पोषण अवस्थाको परीक्षणमा दुई लाख ८३ हजार ३०८ बालबालिकाको स्वास्थ्य अवस्था मूल्याङ्कन गरिएको थियो ।

जसमध्ये ३५ हजार ८८३ जना कुपोषित, आठ हजार ७७१ जना शीघ्र कुपोषित र दुई लाख ३३ हजार १८२ जना सामान्य अवस्थामा रहेका तथ्याङ्कमा उल्लेख छ । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को मापदण्डअनुसार यो अवस्था सङ्कटपूर्ण मानिन्छ ।

मधेस प्रदेशमा कुपोषित तथा शीघ्र कुपोषित बालबालिकाको सङ्ख्या ४४ हजार ६५४ पुगेको छ, जुन कूल परीक्षण गरिएका बालबालिकाको १५.७६ प्रतिशत हुन आउछ ।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले गरिबी, अशिक्षा, पोषणसम्बन्धी चेतनाको कमी, सरसफाइको अभाव तथा असन्तुलित खानपान जस्ता कारणले मधेसमा कुपोषणका समस्या जटिल बन्दै गएको बताउनुभयो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मधेस प्रदेशका प्रदेश सचिव डा प्रमोद यादवले कृषि उत्पादनमा सम्पन्न मानिने प्रदेशमा बाल कुपोषण उच्च हुनु चिन्ताको विषय भएको जानकारी दिनुभयो ।

करिब २९ प्रतिशत बालबालिका मधेस प्रदेशमा जन्मिने र नेपालको कूल जनसङ्ख्याको झण्डै २२ प्रतिशत हिस्सा मधेस प्रदेशमा बसोबास गर्छन् ।

# काँग्रेसले गऱ्यो बाराका सभापतिलाई निलम्बन

**दैनिक समाचारदाता**
**राजविराज, २१ जेठ ।**

नेपाली कांग्रेसले बारा जिल्ला सभापति राजेश राय यादवलाई पदबाट निलम्बन गरेको छ ।

गत फागुन २१ गते भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवारलाई हराउन सक्रिय भूमिका खेलेको र अनुशासन उल्लंघन गरेको आरोपमा उनलाई निलम्बन गरिएको हो ।

नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिका संयोजक तारामान गुरुङको संयोजकत्वमा पार्टी केन्द्रीय कार्यालय बीपी स्मृति भवन, ललितपुरमा बिहीबार बसेको बैठकले यादवलाई अन्तिम निर्णय नहुन्जेलसम्मका लागि सभापति पदको कामकाज गर्न नपाउने गरी निलम्बन गर्ने निर्णय गरेको हो ।

प्रतिनिधि सभा निर्वाचनमा पार्टीको आधिकारिक उम्मेदवार विरुद्ध लागेको भन्दै उनी विरुद्ध केन्द्रीय अनुशासन समितिमा उजुरी परेको थियो ।

उक्त उजुरीका आधारमा समितिले यादवलाई पहिलो पटक गत गत वैशाख ३० गते पाँच दिनको समय दिएर स्पष्टीकरण सोधेको थियो । तोकिएको समयभित्र कुनै जवाफ नआएपछि पुनः जेठ १२ गते तीन दिनको समय तोकेर दोस्रो पटक स्पष्टीकरण माग गरिएकोमा उनले त्यसको समेत बेवास्ता गरेको समितिले जनाएको छ ।

दुई पटकसम्म स्पष्टीकरण सोध्दा पनि कुनै जवाफ नदिएपछि यस विषयमा थप अनुसन्धान गरी अन्तिम निर्णयमा पुग्नुपर्ने देखिएको समितिको ठहर छ ।

**वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं ।**

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेबसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैङ्किङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौं,
- स्वदेशमा पैसा पठाउँदा बैङ्किङ माध्यमको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विकासमा अवरोध नगरौं

विकास भनेको केवल सडक, भवन वा संरचना निर्माण मात्र होइन, यो जनताको जीवनस्तर सुधार्ने समग्र प्रक्रिया हो । तर व्यवहारमा हेर्दा विकासका योजनाहरू धेरैजसो कागजमै सीमित हुने, बजेट छुट्टिए पनि कार्यान्वयन ढिलो हुने र कतिपय अवस्थामा त काम नै रोक्ने अवस्थासम्म पुग्ने गरेको देखिन्छ । यस्तो प्रवृत्तिले जनताको विश्वास कमजोर बनाउँछ र राज्यप्रति निराशा बढाउँछ । स्थानीय तहदेखि केन्द्रसम्म विकासका काममा देखिने अवरोधको अर्को प्रमुख कारण समन्वयको कमी हो । एउटै योजना विभिन्न निकायको अनुमति, सहमति र प्रक्रियामा अड्किँदा समयमै काम सम्पन्न हुन सक्दैन । यसले लागत पनि बढाउँछ र प्रभावकारिता पनि घटाउँछ । विकासलाई प्राथमिकता दिने हो भने यस्ता प्रशासनिक जटिलता घटाउन आवश्यक छ ।

त्यस्तै, राजनीतिक हस्तक्षेप र व्यक्तिगत स्वार्थले पनि विकासमा ठूलो असर पारिरहेको छ । विकासलाई साझा एजेन्डा बनाउनुपर्नेमा दलगत प्रतिस्पर्धा र आरोप-प्रत्यारोपले योजनाहरू प्रभावित हुने गरेका छन् । विकास कुनै दलको होइन, यो त सम्पूर्ण जनताको अधिकार हो भन्ने बुझाइ सबै पक्षमा मजबुत हुनुपर्छ । विकास रोक्ने होइन, सहजीकरण गर्ने संस्कार आवश्यक छ । स्थानीय समुदाय, जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला सबैले विकासलाई आफ्नो साझा दायित्वका रूपमा लिनुपर्छ । योजना बनाउने मात्र होइन, त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमन पनि उत्तिकै महत्वपूर्ण छ ।

तसर्थ देशलाई समृद्धितर्फ लैजान विकासका बाटोमा अवरोध सिर्जना गर्ने होइन, सहकार्य, पारदर्शिता र जिम्मेवारीको भावना विकास गर्नु आजको आवश्यकता हो । विकास रोकिनु भनेको भविष्य रोकिनु हो, त्यसैले अब हामी सबै मिलेर विकासलाई गति दिन अग्रसर हुनुपर्छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जलवायु एवम् प्रकृतिमैत्री विकास र हाम्रो दायित्व



**राजेश झा**

*"समृद्ध भविष्यको आधार : जलवायु एवम् प्रकृतिमैत्री विकास"* भन्ने नाराका साथ आज विश्व वातावरण दिवस मनाइदैछ । संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९७३ देखि यो दिवस मनाउन शुरु गरिएको हो । विश्व पर्यावरणप्रति वैश्विक स्तरमा राजनीतिक र सामाजिक जागृति ल्याउने उद्देश्यले संयुक्त राष्ट्रसंघको महासभाले गरेको घोषणा तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको अग्रसरतामा जुन ५ तारिखका दिन हरेक बर्ष विश्वब्यापी रुपमा यो दिवस मनाउने गरिएको छ । संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमले यस बर्षका लागि " प्रकृतिबाट प्रेरित, जलवायुको लागि, हाम्रो भविष्यको लागि" नारा तय गरेको छ ।

विश्वभर वातावरण दिवस मनाईरहँदा यस बर्ष तराई मधेशमा भने अत्यधिक गर्मीको लहर चलेको अवस्था छ । यस बर्ष मनसुन अवधिमा औषतभन्दा कम बर्षा र अत्यधिक गर्मी हुने जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरेको छ । जलवायु परिवर्तन अब बढ्दो तापमान, पग्लिदै गएको ग्लेशियरको कुरा मात्र नभई यसले खडेरी, पानीको संकट जस्ता समस्याले ग्रसित हुँदै जाने देखिन्छ । अल निनोको कारण अनियमित बर्षा, सुख्खा खडेरी, पानीको अभाव जस्ता समस्याले सामाजिक रुपमै अस्थिरता ल्याउने देखिन्छ ।

जलवायु परिवर्तनबाट हुने असरको हिसाबले नेपाल अति प्रभावित मुलुकहरुमध्ये चौथो स्थानमा रहेको छ । जुन सर्वोच्च जोखिमपूर्ण अवस्था हो । बाढी, पहिरो तथा भुकम्प जस्ता प्राकृतिक प्रकोपहरुबाट नेपाल उच्च जोखिममा छ । भुकम्पको जोखिमको हिसाबले नेपाल ११औं स्थानमा रहेको छ भने मिश्रित विपदहरुको जोखिमका सन्दर्भमा १६औं स्थानमा रहेको छ । जलवायु परिवर्तनको दृष्टिकोणले चौथो स्थानमा रहनु भनेको हाम्रो मुलुक नेपाल सर्वोच्च जोखिम रहनु हो । जलवायु परिवर्तनका कारण खडेरी, बाढी तथा प्रतिकुल मौसम आइपर्नु जस्ता प्राकृतिक प्रकोपहरुको सम्भावना बढ्दै गएको छ । जसको फलस्वरुप महामारी र सुख्खापन फैलिनुका साथै समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकुल असर पर्ने देखिन्छ ।

अमेरिकाको राइस यूनिवर्सिटीका वैज्ञानिकहरुद्वारा सन् १९५० देखि सन् २०२३ को बीचमा भएको पाँच सयभन्दा बढी द्वन्द्वको तथ्यांकलाई विश्लेषण गरिएको थियो । जुन क्षेत्रहरुमा अल निनोको कारण सुख्खा र जल संकट अत्यधिक थियो त्यस क्षेत्रमा हिंसा र द्वन्द्वका जोखिम तिव्र रुपमा फैलिने सो अध्ययनले देखाएको छ । अध्ययन बमोजिम मौसम सिधै युद्धको कारण बन्दैन, तर गरिबी, बेरोजगारी, भोकमरी जस्ता तनावपूर्ण अवस्था उत्पन्न हुन्छ र अवस्था खतरनाक बन्न जान्छ । यसले सामाजिक तथा राजनीतिक अस्थिरता उत्पन्न गराउने गरेको सो अध्ययनले देखाएको छ ।

विश्व मौसम संगठन र ब्रिटेनको मौसम विभागको रिपोर्ट अनुसार सन् २०२६ देखि २०३० को बीच विश्वको तापक्रम औद्योगिक कालभन्दा अघिको तुलनामा १. दशमलव ९ डिग्री सेल्सियससम्म बढ्न सक्ने छ । आगामी पाँच बर्ष गर्मीको सबै पुरानो रेकर्ड टुट्न सक्ने बैज्ञानिकहरुले चेतावनी दिएको छ ।

बढ्दो तापक्रमका कारण हिमाली भेगमा रहेको हिउँ पग्लिने क्रम बढ्दो छ जसले गर्दा हिमाल सबैभन्दा बढी खतरामा रहेको छ । हिमनदीहरुको क्षेत्रफल पछिल्लो ३० बर्षमा २४ प्रतिशतले घटेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र(ईसिमोड) को अध्ययनले देखाएको छ । विश्वव्यापी जलवायु सम्बन्धी पेरिस सम्झौताबमोजिम सबै देशले तापक्रम वृद्धिलाई नियन्त्रण गरेर डेढ डिग्रीमा सीमित गर्दा पनि त्यसको असर हिमाली क्षेत्रमा डरलाग्दो पर्ने जलवायु परिवर्तनका जानकारहरु बताउँछन् । अहिले नै विश्व तापक्रम १ दशमलव १ डिग्रीले बढिसक्यो । त्यसलाई १ दशमलव ५ डिग्रीमा सीमित पार्दा पनि हाम्रो हिमाली क्षेत्रको एकतिहाइ हिउँ पग्लिने इसिमोडको अध्ययनले देखाएको छ । पेरिस सम्झौताअनुसार पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित राख्ने भनिएको छ । तर विगत २० वर्ष मै पृथ्वीको तापक्रम १ दशमलव १ डिग्री सेल्सियसले बढेको तथ्यले झस्काएको अवस्था छ ।

नेपाल सरकारले जलवायु परिवर्तनमा जलवायु उत्थानशील समाजको निर्माण गर्ने सोच, जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट दिगो समाज निर्माणमा योगदान गर्ने लक्ष्य तथा जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट पेरिस सम्झौताअनुरूप न्यूनीकरण गर्दै अनुकूलन क्षमताको अभिवृद्धि गर्नु, जलवायु परिवर्तन न्यूनीकरणका लागि वातावरण मैत्री स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्ने जलवायु परिवर्तन न्यूनीकरणका लागि वातावरणमैत्री स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्ने उद्देश्य राखेको छ ।

उक्त उद्देश्य पूरा गर्न जलवायु परिवर्तन व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक नीतिगत र संस्थागत संरचनामा सुधार एवम् क्षमता अभिवृद्धि गर्ने, समुदायको संकटासन्नता घटाई समयानुकूलित तुल्याउन राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय अनुकूलन योजना कार्यान्वयन गर्नु आवश्यक छ ।

आगामी आर्थिक बर्ष २०८३/०८४ कोलागि योजना तर्जुमा गर्ने प्रक्रिया अहिले सबै पालिकामा सञ्चालन भएको अवस्था छ । योजना तर्जुमाको वस्ती स्तरबाटै जलवायु परिवर्तनका कारण समुदायले भोलिरहेको समस्याहरुलाई सम्बोधन गरी तत् अनुसारको समाधानका उपायहरु पहिल्याउनु जरुरी छ । खडेरी तथा बाढी सहन सक्ने बाली प्रयोग गर्ने, वर्षाको पानी संकलन र सिँचाइ व्यवस्थापन गर्ने, जैविक खेती तथा कृषि वन प्रणाली अपनाउने, वर्षा पानी संकलन प्रणाली विकास गर्ने, भू-जल पुनर्भरण कार्यक्रम सञ्चालन गर्ने, पानीको दिगो र न्यायपूर्ण उपयोग सुनिश्चित गर्ने, जलवायु सहनशील सडक, भवन र पुल निर्माण गर्ने, हरित भवन अवधारणा लागू गर्ने, शहरी तथा ग्रामीण क्षेत्रमा हरियाली र खुला क्षेत्र बढाउने, तातो हावाको लहरबाट बच्न "कूलिङ सेन्टर स्थापना गर्ने जस्ता योजनाहरु आगामी आर्थिक बर्षको बार्षिक योजनामा समावेश गर्नु अति आवश्यक देखिन्छ ।

# बालबालिकाको सुरक्षा सुनिश्चित गर्न राष्ट्रसंघको आह्वान

काठमाडौँ, २१ जेठ (रासस) ।

बिहीबार निर्दोष बालबालिकामाथि हुने आक्रमणका पीडितको अन्तरराष्ट्रिय दिवस हो । संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् १९८२ देखि मनाउन प्रारम्भ भएको यो दिवसको उद्देश्य युद्ध र सशस्त्र द्वन्द्वका कारण बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार र अधिकार उल्लङ्घनप्रति विश्वभर ध्यानाकर्षण गराउनु हो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार युद्धग्रस्त क्षेत्रमा रहेका बालबालिका घरमा सुरक्षित रूपमा बस्न, विद्यालयमा अध्ययन गर्न, खेल्न वा अस्पतालमा उपचार गराउनसमेत नसक्ने अवस्थामा छन् । हत्या, शारीरिक क्षति, अपहरण, यौन हिंसा, विद्यालय तथा स्वास्थ्य संस्थामाथि आक्रमण र मानवीय सहायता पहुँचमा अवरोधजस्ता गम्भीर घटनाबाट बालबालिका प्रत्यक्ष प्रभावित भइरहेका छन् ।

महासचिव एन्टोनियो गुटरेसद्वारा सार्वजनिक 'बालबालिका र सशस्त्र द्वन्द्व'सम्बन्धी वार्षिक प्रतिवेदनअनुसार सन् २०२४ मा बालबालिकाविरुद्ध भएका गम्भीर उल्लङ्घनका घटना अघिल्लो वर्षको तुलनामा २५ प्रतिशतले बढेका छन् । प्रतिवेदनमा विश्वभर २२ हजार ४९५ बालबालिकालाई प्रभावित पार्ने ४१ हजार ३७० गम्भीर उल्लङ्घनका घटना प्रमाणीकरण गरिएका उल्लेख छ ।

प्रतिवेदनमा सबैभन्दा बढी उल्लङ्घनका घटना इजरायल तथा अधीनस्थ प्यालेस्टिनी क्षेत्रमा आठ हजार ५५४, कङ्गो लोकतान्त्रिक गणतन्त्रमा चार हजार ४३, सोमालियामा दुई हजार ५६८, नाइजेरियामा दुई हजार ४३६ र हैटीमा दुई हजार २६९ वटा अभिलेख गरिएका छन् ।

प्रतिवेदनअनुसार हत्या तथा शारीरिक क्षति बालबालिकाविरुद्ध हुने सबैभन्दा धेरै गम्भीर उल्लङ्घनका रूपमा देखिएको छ । सन् २०२४ मा मात्र ११ हजार ९६७ बालबालिका यसबाट प्रभावित भएका छन् । विस्फोटक पदार्थ, युद्धका अवशेष, बारुदी सुरुङ, अस्थायी विस्फोटक उपकरण तथा जनघनत्व बढी भएका क्षेत्रमा गरिएका आक्रमणका कारण अधिकांश बालबालिका पीडित भएका छन् ।

सशस्त्र समूह तथा सैन्य बलद्वारा हजारौँ बालबालिकालाई भर्ती गरी युद्ध तथा सहयोगी भूमिकामा प्रयोग गरिएको प्रतिवेदनमा उल्लेख छ । अपहरण तथा बाल सैनिकका रूपमा प्रयोग गरिने घटनामा वृद्धि भएको जनाइएको छ ।

बालबालिकाविरुद्ध हुने यौन हिंसाका घटनासमेत बढ्दै गएका छन् । विशेषगरी बालिकाहरू बढी प्रभावित भए पनि बालकहरू पनि यौन हिंसाको सिकार बनेका छन् । सामाजिक कलङ्क, प्रतिशोधको डर तथा पर्याप्त सहयोग सेवाको अभावका कारण यस्ता घटना अझै कम मात्रामा सार्वजनिक हुने गरेको राष्ट्रसङ्घले जनाएको छ ।

सन् २०२४ मा मानवीय सहायता पहुँचमा अवरोधसमेत चिन्ताजनक रूपमा बढेको प्रतिवेदनमा उल्लेख छ । द्वन्द्वरत पक्षहरूले राहत सामग्री बोकेका सवारीसाधन र सहायता कर्मीमाथि आक्रमण गर्नुका साथै आवतजावतमा प्रतिबन्ध र प्रशासनिक अवरोध सिर्जना गर्दा बालबालिका स्वास्थ्य, शिक्षा र संरक्षणलगायत आधारभूत सेवाबाट वञ्चित भएका छन् ।

संयुक्त राष्ट्रसङ्घले गत वर्ष विद्यालय र अस्पतालमाथि करिब दुई हजार आक्रमण भएको पुष्टि गरेको छ । यस्ता घटनाले बालबालिकाको शिक्षा र स्वास्थ्य सेवामा पहुँच थप प्रभावित भएको तथा द्वन्द्वग्रस्त क्षेत्रमा उनीहरूको जोखिम बढेको प्रतिवेदनमा उल्लेख छ ।

उक्त विश्वसंस्थाले बालबालिकामाथि हुने गम्भीर उल्लङ्घन अन्त्य गर्न द्वन्द्वका मूल कारण समाधान, दोषीमाथि जवाफदेहिता सुनिश्चित तथा बाल संरक्षण, पुनःस्थापना र पुनःएकीकरणका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा जोड

*बाँकी अन्तिम पृष्ठमा*

# तीन तहका सरकारले सूचना तथा सञ्चार क्षेत्रमा गरेका कामको समीक्षा हुन्छ : सञ्चारमन्त्री

काठमाडौं, २१ जेठ (रासस)।

तीन तहका सरकारबीच समन्वय, कार्यगत स्पष्टता र सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले आयोजित विषयगत समितिको बैठकले सञ्चार क्षेत्रका संरचनागत समस्या समाधान, पुराना कानुन संशोधन, 'डिजिटल' प्रणाली विकास तथा सेवा एकीकरणलगायत विषयमा महत्वपूर्ण निर्णय गरेको छ।

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ अन्तर्गत गठित सूचना तथा सञ्चार क्षेत्रसम्बन्धी विषयगत समितिको बुधबारको बैठकले सञ्चार क्षेत्रलाई सङ्घीय संरचनाअनुसार पुनःसंरचना गर्ने दिशामा महत्वपूर्ण निर्णय गरेको हो।

सञ्चार मन्त्रालयमा भएको बैठकले विषयगत समितिको बैठक तथा निर्णयसम्बन्धी कार्यविधि-२०८३ स्वीकृत गर्दै भविष्यमा निर्णय कार्यान्वयनको नियमित अनुगमनको व्यवस्था गरेको छ।

बैठकमा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले बदलिँदो प्रविधिसँगै विद्यमान कानुनी ढाँचामा परिवर्तन अपरिहार्य भएको उल्लेख गर्दै संसद्बाट अधिकतम कानुन निर्माणका काम प्राथमिकतामा राखिने बताउनुभयो। सहज सेवा प्रवाह र विकास निर्माणका काममा गति दिन लागि तीन तहका सरकारबीच आपसी समन्वय, सहकार्य तथा सिकाइ आदानप्रदान र खुला छलफल आवश्यक रहेको धारणा उहाँले व्यक्त गर्नुभयो।

सञ्चारमन्त्री तिमिल्सिनाले सञ्चार क्षेत्रभित्र देखिएको दोहोरो र तेहरो संरचनालाई निर्ममतापूर्वक समीक्षा गर्नुपर्नेमा जोड दिँदै विशेषगरी अनुदान वितरण, विज्ञापन प्रणाली र सञ्चारमाध्यमको प्रभावकारिताबारे पुनरवलोकन आवश्यक भएको बताउनुभयो।

लोककल्याणकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी बनाउनुपर्ने बताउँदै उहाँले जनताको करबाट उठेको स्रोत नागरिक हितमै प्रयोग भइरहेको छ वा छैन भन्ने प्रश्नको उत्तर खोजिनुपर्छ भन्नुभयो।

बैठकमा तीन तहका सरकारले एउटै प्रकृतिका कामका लागि छुट्टाछुट्टै संरचना निर्माण गर्दा सेवा प्रवाह जटिल बन्दै गएको, अधिकार र जिम्मेवारीमा अस्पष्टता रहेको तथा एक तहले गरेको काम अर्को तहले स्वीकार नगर्ने प्रवृत्तिले समन्वय कमजोर बनाएकोलगायत विषयहरू उठेका थिए।

सञ्चारमाध्यम दर्ता र नवीकरण, सञ्चारकर्मीका लागि प्रेस पास वितरण, अनलाइन मिडिया व्यवस्थापन, प्रसारण क्षेत्र, चलचित्र र दूरसञ्चार क्षेत्रका कानुनी अस्पष्टता प्रमुख समस्याका रूपमा उठाइएको थियो।

बुधबारको बैठकले रेडियोयन्त्र लाइसेन्स व्यवस्थापनलाई व्यवस्थित बनाउन रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ अनुसार प्रदेशले समन्वय गर्ने र कानुनी सुधारका लागि सबै प्रदेशबाट सुझाव सङ्कलन गरी कानुन संशोधन प्रक्रिया अघि बढाउने निर्णय गरिएको छ।

अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरणलाई लिएर देखिएको अन्योल हटाउन छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४९ संशोधन गर्ने प्रक्रिया अघि बढाउने निर्णय बैठकले गरेको छ। विशेषगरी प्रदेश कानुनअनुसार दर्ता भएका अनलाइन मिडियाको नवीकरण प्रक्रियामा देखिएको समस्या समाधान गर्न तत्काल नियमावली संशोधन प्रक्रिया अघि बढाउने निर्णयसमेत भएको छ।

सञ्चार क्षेत्रको डाटाबेस र नियमन प्रणालीलाई व्यवस्थित गर्न एकीकृत प्रणाली विकास गर्ने निर्णय पनि बैठकले गरेको छ। सञ्चार मन्त्रालय, प्रदेश, स्थानीय तह तथा प्रेस काउन्सिल नेपालसँग समन्वय गरी सञ्चारमाध्यमको एकीकृत प्रणाली विकास गरिनेछ। यसले सञ्चार संस्थाको दर्ता, नवीकरण, निगरानी र अभिलेखीकरणलाई एउटै प्रणालीमा ल्याउने छ।

हुलाक सेवालाई पुनर्जीवित गर्दै सरकारी कुरियर सेवाका रूपमा रूपान्तरण गर्ने विषय बैठकको अर्को महत्वपूर्ण 'एजेन्डा'का रुपमा रहेको थियो। राहदानी, सवारी चालक अनुमतिपत्र, सीमकार्ड, शैक्षिक प्रमाणपत्रलगायत सरकारी कागजात जनताको घरदैलोमा पुऱ्याउन हुलाक सेवा प्रयोग गर्ने सरकारको योजनाअनुसार यसका लागि प्रदेश र स्थानीय तहलाई आवश्यक समन्वय गर्न आग्रह गरिएको छ।

हुलाक कार्यालयका जग्गा तथा सम्पत्तिमाथि भइरहेको अतिक्रमण रोक्न तथा अतिक्रमित सम्पत्ति फिर्ता गराउन सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने विषयमा पनि बैठकमा छलफल भएको थियो।

साथै, सबै तहका सरकारले नीति तथा बजेटमार्फत हुलाक सेवाको विविधीकरण, आधुनिकीकरण र डिजिटल रूपान्तरणका लागि स्रोत सुनिश्चित गर्नेसक्नेबारे छलफल भएको छ।

विज्ञापन क्षेत्रको व्यवस्थापनमा देखिएको असमानता हटाउन विज्ञापन बोर्डले तयार गरेको नमुना निर्देशिका र स्थानीय तहका लागि नमुना ऐन कार्यान्वयनमा ल्याउने तयारी थाल्ने पनि बैठकले निर्णय गरेको छ। तीन तहबीचको समन्वयमार्फत विज्ञापन प्रणालीलाई पारदर्शी, उत्तरदायी र एकरूप बनाउने लक्ष्य राखिएको छ।

चलचित्र, वृत्तचित्र, फोटोग्राफी तथा डिजिटल सामग्री उत्पादनलाई उद्योगका रूपमा विकास गर्ने रणनीति पनि बैठकले अघि सारेको छ। प्राकृतिक तथा सांस्कृतिक सम्पदाको अन्तरराष्ट्रिय प्रवर्द्धन गर्दै नेपाललाई अन्तरराष्ट्रिय चलचित्र छायाङ्कन तथा सिर्जनात्मक गन्तव्य बनाउने उद्देश्य राखिएको छ। यसका लागि सबै तहका सरकारले सहजीकरण गर्ने प्रतिबद्धता जनाएका छन्।

दूरसञ्चार क्षेत्रमा ग्रामीण दूरसञ्चार विकास कोषको प्रभावकारी उपयोग गरी स्थानीय तहमा 'ब्रोडब्याण्ड' सेवा निरन्तरता सुनिश्चित गर्ने, सरकारी प्रकाशन प्रणालीमा एकरूपता कायम गर्न प्रदेश र स्थानीय सरकारका राजपत्र छपाइ नेपाल सरकारले अपनाएको ढाँचाअनुसार गर्ने तथा भाषा आयोगले सिफारिस गरेका मातृभाषामा समाचार उत्पादन, प्रकाशन र प्रसारणलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने निर्णय पनि बैठकले गरेको छ।

मिथ्या सूचना नियन्त्रण र जिम्मेवार पत्रकारिता प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै तीन तहका सरकारले जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालनलाई प्राथमिकतामा राख्ने निर्णय बुधबारको बैठकले गरेको छ।

बैठकमा सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री हीरा सुनारले सञ्चारक्षेत्रलाई व्यवस्थित बनाउन सङ्घीय मन्त्रालयले सबै प्रदेशलाई समेट्ने स्पष्ट 'छाता कानुन' ल्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

प्रदेशमा कर्मचारी अभाव गम्भीर समस्या रहेको उल्लेख गर्दै उहाँले प्रदेशस्तरमा आमसञ्चार विधेयक निर्माण प्रक्रिया अघि बढिरहेको जानकारी दिनुभयो। साइबर सुरक्षाजस्ता नयाँ चुनौतीमा स्पष्ट नीति अभाव रहेको उहाँले बताउनुभयो।

सञ्चार मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले तीन तहबीच देखिएका अधिकारसम्बन्धी द्विविधा हटाउन 'अनबन्डलिङ' प्रक्रिया अघि बढाउनुपर्ने बताउनुभयो।

प्रदेश र स्थानीय सरकारसँग थप छलफल गर्दै आवश्यक समन्वय मन्त्रालयले गर्ने जानकारी दिँदै उहाँले कतिपय विषय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत समन्वय भइरहेको बताउनुभयो।

बैठकले कार्य विस्तृतीकरण कार्यदलले तयार गरेको अध्ययन प्रतिवेदन प्रदेश र स्थानीय तहका छाता संस्थामा पठाएर सुझाव सङ्कलन गर्ने निर्णय गरेको छ।

साथै, विषयगत समितिका निर्णय कार्यान्वयनको नियमित अनुगमन र प्रतिवेदन प्रणाली विकास गरिने छ।

# बजेटले निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गरेको महासंघको निष्कर्ष

काठमाडौं, २१ जेठ (रासस)।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घले सरकारले हालै प्रस्तुत गरेको बजेटले निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गरेको महासङ्घको निष्कर्ष निकालेको छ।

महासङ्घको २६औँ महाधिवेशन तथा २३औँ राष्ट्रिय महिला उद्यमी सम्मेलनका बारेमा जानकारी दिन बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंहले आर्थिक पुनरुत्थान, उत्पादनमूलक क्षेत्रको प्रवर्द्धन, उद्यमशीलता विकास तथा निजी क्षेत्रको मनोबल अभिवृद्धिमा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटले योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

अर्थतन्त्रलाई चलायमान बनाउन तथा निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गर्न बजेटले महत्वपूर्ण आधार निर्माण गर्नेमा आफूहरू विश्वस्त रहेको उहाँले बताउनुभयो।

"बजेटमा उद्योग तथा व्यवसायमैत्री कर नीतिको सुधार, उद्यमशीलता विकास, डिजिटल अर्थतन्त्रको प्रवर्द्धन, उत्पादन र रोजगारी अभिवृद्धिमा केन्द्रित योजना, ऊर्जा तथा पूर्वाधार विकासलाई प्राथमिकता दिइएको विषयलाई सकारात्मकरुपमा लिन सकिन्छ", बजेटबारे महासङ्घको धारणा सार्वजनिक गर्दै उहाँले भन्नुभयो।

महासङ्घले आर्थिक गतिविधिमा भएको सुस्तता, लगानी विस्तारको चुनौती, उत्पादन तथा बजार व्यवस्थापनका समस्या, वित्तीय पहुँचमा कठिनाइ तथा सिाना उद्योग व्यवसायीले भोग्दै आएका समस्या बजेटले सम्बोधन गर्ने अपेक्षा गरेको छ।

"नीतिगत सुधारको घोषणाबाट लघु, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि, उत्पादन लागत घटाउन तथा बजार पहुँच विस्तार गर्न सहयोग पुग्नेछ", अध्यक्ष सिंहले भन्नुभयो।

बजेटमा समेटिएका जनमुखी, उत्पादनमुखी तथा विकासमुखी कार्यक्रमको सफल कार्यान्वयनका लागि सरकारसँग सहकार्य गर्न महासङ्घ प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले निजी क्षेत्र र सरकार बीचको साझेदारीलाई अझ सुदृढ बनाउँदै लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो।

महासङ्घ स्थापनाको ३७ वर्ष प्रवेशका अवसरमा यही जेठ २४ र २५ गते ललितपुरमा २६औँ राष्ट्रिय महाधिवेशन तथा २३औँ राष्ट्रिय महिला उद्यमी सम्मेलन आयोजना गरिएको छ। महाधिवेशनमा सात वटै प्रदेश र

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### लेबनान-इजरायल युद्धविराम घोषणा

बेरुत, २१ जेठ (रासस/एएफपी)।

अमेरिकी नेतृत्वमा वासिङ्टनमा भएको उच्चस्तरीय वार्तापछि इजरायल र लेबनान बुधबार युद्धविराम लागू गर्न सहमत भएका छन्। तर इरान समर्थित हिजबुल्लाहले गोली आदानप्रदानको 'पूर्ण समाप्ति' बिना कुनै पनि सहमति कार्यान्वयन नहुने स्पष्ट पारेको छ, जसले सम्झौतामाथि अनिश्चितता कायम राखेको छ। दुवै पक्षबीच औपचारिक कूटनीतिक सम्बन्ध नभए पनि संयुक्त विज्ञप्तिमा 'पाइलट जोन' स्थापना गर्ने सहमति भएको उल्लेख छ। उक्त क्षेत्रमा लेबनानी सशस्त्र बलले गैर-राज्य सशस्त्र समूहहरूलाई हटाउँदै विशेष नियन्त्रण लिने व्यवस्था रहने बताइएको छ।

युद्धविरामको घोषणा भए पनि त्यसअघि र पछिसमेत सीमावर्ती क्षेत्रमा झडप र आक्रमणहरू जारी रहेका छन्। हिजबुल्लाहले इजरायली सेनालाई लक्षित आक्रमण गरेको र इजरायली आक्रमणमा दक्षिणी लेबनानमा कम्तीमा १० जनाको मृत्यु भएको दाबी गरिएको छ। सम्झौता सार्वजनिक भएको केही घण्टापछि उत्तरी इजरायलमा 'संदिग्ध हवाई लक्ष्य' देखिएपछि हवाई आक्रमण चेतावनी जारी गरिएको थियो, यद्यपि कुनै हताहत भएको पुष्टि भएको छैन। संयुक्त विज्ञप्तिअनुसार युद्धविराम लागू हुन हिजबुल्लाहको गोलीबारी पूर्ण रूपमा रोकिएको हुनुपर्ने र दक्षिणी लेबनानबाट उसका लडाकूहरू हटाइने शर्त पनि समावेश गरिएको छ। वासिङ्टनमा भएको वार्ता लेबनानी र इजरायली प्रतिनिधिहरूबीच प्रत्यक्ष संवादको चौथो चरण भएको जनाइएको छ। संवाद मार्च २ मा सुरु भएको सङ्घर्षपछि अघि बढिरहेको छ। त्यसबेला हिजबुल्लाहले इरानको समर्थनमा इजरायलमाथि आक्रमणहरू पुनः सुरु गरेको थियो।

दुवै पक्षले आगामी जुन २२ को हप्तामा पुनः वार्ता गर्ने सहमति पनि जनाएको छ, जसको उद्देश्य व्यापक शान्ति सम्झौतामा पुग्ने बताइएको छ। यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लेबनानको द्वन्द्व र इरानसँगको सम्बन्धित तनावलाई अलग-अलग रूपमा सम्बोधन गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको छ। तर तेहरानले यी सबै घटनाहरू आपसमा जोडिएको दाबी गर्दै इरानका विदेशमन्त्री अब्बास अराघचीले बेरुतमा कुनै पनि आक्रमण भएमा युद्ध पुनः पूर्ण रूपमा सुरु हुने चेतावनी दिनुभएको छ। इजरायली सेनाले बुधबार लेबनानबाट इजरायली क्षेत्रमा प्रवेश गरेको 'शत्रुतापूर्ण विमान' र दुई प्रोजेक्टाइलहरू रोकेको जनाएको छ। त्यसको जवाफमा हिजबुल्लाहले इजरायली सेनाले युद्धविराम उल्लङ्घन गरेको भन्दै उत्तरी इजरायलमा सैनिक लक्ष्यहरूमा रकेट आक्रमण गरेको दाबी गरेको छ।

बिहीबार बिहान हिजबुल्लाहले दक्षिणी लेबनानको अल-कान्तारा सहरमा इजरायली सैनिक र सवारी साधनहरूलाई लक्षित गर्दै रकेटहरू प्रहार गरेको र चकिफ क्यासल नजिकैको इजरायली कमान्ड पोस्टमा दुई ड्रोन आक्रमण गरेको जनाएको छ। यसअघि युद्ध रोक्ने उद्देश्यले प्रस्ताव गरिएको युद्धविराम अप्रिल १७ मा लागू हुने भनिए पनि दुवै पक्षले एकअर्कामाथि उल्लङ्घनको आरोप लगाउँदै निरन्तर आक्रमण जारी राखेका थिए। हिजबुल्लाहका वरिष्ठ अधिकारी महमुद कोमातीले समूहले 'आंशिक युद्धविराम स्वीकार नगर्ने' स्पष्ट पार्नुभएको थियो। यसैबीच मानवीय क्षति पनि बढ्दै गएको छ। लेबनानको राज्य सञ्चालित राष्ट्रिय समाचार एजेन्सी (एनएनए) का अनुसार राजधानी बाहिरको मुख्य राजमार्गमा कारलाई लक्षित इजरायली आक्रमण भएको छ। इजरायली सेनाले धेरै गाउँ खाली गर्न चेतावनी दिएपछि दक्षिणी क्षेत्रमा २० भन्दा बढी स्थानमा आक्रमण भएको रिपोर्ट गरिएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार टायर सहर नजिक अल-हवास क्षेत्रमा भएको इजरायली आक्रमणमा चार सिरियाली र दुई प्यालेस्टिनी नागरिकको मृत्यु भएको छ। तर इजरायली सेनाका प्रवक्ताले एएफपीको जेरुसेलम ब्युरोलाई उक्त क्षेत्रमा कुनै आक्रमण भएको जानकारी नभएको प्रतिक्रिया दिए।

स्वास्थ्य मन्त्रालयले दक्षिणी क्षेत्रमा अन्य आक्रमणहरूमा एम्बुलेन्सलाई पनि लक्षित गरिएको र हिजबुल्लाहसँग आबद्ध अमल आन्दोलनको रिसाला स्काउट्स एसोसिएसनका दुई प्यारामेडिक्स मारिएको जनाएको छ। मन्त्रालयले क्षतिग्रस्त एम्बुलेन्सका तस्बिरहरू सार्वजनिक गर्दै गाडीभित्रका मेडिकल सामग्री सडकभरि छरिएको देखिएको बताएको छ। जिब्डिन सहरमा हिजबुल्लाहसँग सम्बन्धित इस्लामिक स्वास्थ्य समितिसँग आबद्ध एम्बुलेन्स टोलीमाथि भएको अर्को आक्रमणमा थप एक प्यारामेडिकको मृत्यु भएको एनएनएले जनाएको छ। द्वन्द्व सुरु भएदेखि हालसम्म कम्तीमा १३० आपतकालीन तथा स्वास्थ्यकर्मीहरूको ज्यान गइसकेको छ। लेबनानी सेनाले पनि इजरायली आक्रमणमा एक सैनिकको मृत्यु भएको र छुट्टै घटनामा एक अधिकारी तथा एक सैनिक घाइते भएको जनाएको छ। सेनाले इजरायलले सैनिक, सवारी साधन र सैन्य स्थानहरूलाई योजनाबद्ध रूपमा लक्षित गरेको भन्दै कडा निन्दा गरेको छ।

### भारतको अस्पतालमा आगलागी, पाँच जनाको मृत्यु, २० घाइते

नयाँदिल्ली, २१ जेठ (रासस/सिन्ह्वा)।

भारतको बिहारको एक निजी अस्पतालको इन्टेन्सिभ केयर युनिट (आईसीयू) मा आगलागी हुँदा कम्तिमा पाँच जनाको मृत्यु हुनुका साथै २० जना घाइते भएको अधिकारीले पुष्टि गरेका छन्। घाइतेमध्ये केहीको अवस्था गम्भीर भएकाले मृतकको सङ्ख्या बढ्न सक्ने आशंका गरिएको छ। स्थानीय अग्निशमन विभागका अनुसार स्थानीय समय अनुसार बिहान करिब ३:५५ मा आगलागी भएको हो। आगलागी हुँदा आईसीयू भित्र १३ जना बिरामी थिए। करिब २० जना बिरामीलाई अग्निशमन विभागका कर्मचारीहरूले उद्धार गरी उपचारका लागि अस्पतालमा भर्ना गरिएको जनाइएको छ। स्थानीय मिडिया रिपोर्टका अनुसार बिजुलीको सर्किटका सर्ट भएका कारण आगलागी भएको अनुमान गरिएको छ।

# यू-१९ महिला राष्ट्रिय प्रतियोगिताका लागि मधेश प्रदेश टोली घोषणा



दैनिक समाचारदाता
राजविराज, २१ जेठ ।

यू-१९ महिला राष्ट्रिय प्रतियोगिता-२०८३ का लागि मधेश प्रदेश क्रिकेट संघले १४ सदस्यीय टोली घोषणा गरेको छ।

घोषित टोलीको कप्तान तथा विकेटकिपरको जिम्मेवारी अलिशा यादवलाई दिइएको छ। यस्तै टोलीमा साना प्रविन, सिवानी साह, अलिशा यादव, प्रतिमा साह, समृद्धि भुजेल, आरती महतो, चन्द्रिका कुमारी सिंह, मिना महतो, भूमि सिंह, साक्षी कुमारी यादव, सुष्मिता यादव, अनिशा कुमारी यादव, प्रज्ञा क्षेत्री तथा प्रसिदिका खड्का छिन्।

टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी अनिल शर्मा तथा टोली व्यवस्थापकको रूपमा रोजी कडारी रहेकी छिन्। घोषित टोलीलाई बिहीबार राजविराजबाट सुर्खेत प्रस्थान गरेको छ।

टोलीलाई बिदाई गर्दै सप्तरी क्रिकेट संघका अध्यक्ष तथा मधेश प्रदेश क्रिकेट संघका सचिव आयुष श्रेष्ठ, सप्तरी क्रिकेट संघका उपाध्यक्ष निरज सिंह, सचिव चन्दन यादव, सदस्य बिरेन्द्र यादव तथा डम्बर नारायण दासले खादा ओढाएर शुभकामनासहित बिदाइ गरे।

बिदाइ कार्यक्रममा मधेश प्रदेश क्रिकेट संघका सचिव आयुष श्रेष्ठले प्रतियोगितामा युवा महिला क्रिकेट खेलाडीहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्ने महत्वपूर्ण अवसर प्रदान गर्ने बताए।

नेपाल क्रिकेट संघ (क्यान) को वार्षिक कार्यतालिका अनुसार कर्णाली प्रदेश क्रिकेट संघको समन्वयमा सञ्चालन हुन लागेको यू-१९ राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता २०८३ साल जेठ २२ गतेदेखि असार १ गतेसम्म सुर्खेतमा आयोजना हुँदैछ।

प्रतियोगिताको मुख्य उद्देश्य आगामी आईसीसी यू-१९ महिला विश्वकपका लागि नेपाली टोली निर्माण गर्नु रहेको जनाइएको छ। प्रतियोगिताबाट उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई राष्ट्रिय टोली छनोट प्रक्रियामा समावेश गरिनेछ।

# सिरहालाई मधेश प्रदेशस्तरीय महिला टी-२० को उपाधि



दैनिक समाचारदाता
राजविराज, २१ जेठ ।

सप्तरी क्रिकेट संघको आयोजनामा राजविराजमा संचालित मधेश प्रदेशस्तरीय यू-१९ तथा सिनियर महिला छनोट टी-ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधि सिरहाले हात पारेको छ।

बिहीबार सम्पन्न फाइनल खेलमा सिरहाले पर्सालाई ३ विकेटले पराजित गर्दै उपाधि हात पारेको हो।

सम्पन्न फाइनल खेलमा टस जितेर पहिले ब्याटिङ गरेको पर्साले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै ९३ रनको योगफल तयार गरेको थियो। पर्साका लागि सिवानी साहले सर्वाधिक २५ रनको योगदान दिइन् भने साना परविनले १७ रन तथा आरुषी यादवले अविजित १२ रन जोडिन्। सिरहाको बलिङतर्फ स्वेता लामाले २ तथा सरस्वती चौधरीले १ विकेट लिइन्।

९४ रनको लक्ष्य पछ्याएको सिरहाले १५ ओभर ४ बलमा ७ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो। सिरहाको जितमा स्वेता लामाले अविजित २१ रनको योगदान दिइन् भने अनुराधा चौधरीले १८, मिना महतोले १२ तथा अनु यादवले ११ रनको योगदान दिइन्।

पर्साको बलिङतर्फ साना परविनले ३, सिन्धु यादवले २ तथा सोहना खातुनले १ विकेट हात पारिन्। फाइनल खेलमा उत्कृष्ट प्रदर्शन गरेकी स्वेता लामा प्लेयर अफ द म्याच घोषित भइन्।

यसैगरी प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गरेकी सिराहाकी सरस्वती चौधरी प्लेयर अफ द टुर्नामेन्ट घोषित भइन्।

प्रतियोगिताको समापन समारोहमा सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठ, उपाध्यक्ष निरज सिंह, सचिव चन्दनकुमार यादव तथा संघका सदस्य बिरेन्द्र यादवलगायतले विजेता तथा उत्कृष्ट खेलाडीहरूलाई शिल्ड, कप, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए।

# इबोला भाइरस रोकथाममा मन्त्रालयको उच्च सतर्कता

काठमाडौं, २१ जेठ (रासस)।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले इबोला भाइरसको रोकथाम र नियन्त्रणका लागि उच्च सतर्कता अपनाएको छ।

अफ्रिकी मुलुकमा इबोला भाइरस सङ्क्रमण देखिएपछि त्यसको जोखिम नेपाल पनि हुनसक्ने भन्दै मन्त्रालयले सम्भावित जोखिम हुन नदिनका लागि उच्च सतर्कता अनपाएको मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल र सीमानाकामा निगरानी तथा उच्च सतर्कता अपनाइएको बताउनुभयो। "अहिले जहाँ सङ्क्रमण देखिएको त्यो देशभन्दा हामी टाढा रहेका छौं। तर पनि हामी नेपालमा भाइरसको सङ्क्रमणको प्रवेश नगरोस् भनेर उच्च सतर्कता अपनाएका छौँ", उहाँले भन्नुभयो, "स्वास्थ्यकर्मी अभिमुखीकरणसहित उपचार व्यवस्थापन तथा सङ्क्रमण नियन्त्रणका उपायबारे पनि छलफल गरिएको छ।"

उहाँले इबोला सङ्क्रमण भएको ठाउँमा जान सक्ने नेपालीको व्यवस्था र मापदण्डका विषयमा समन्वय भइरहेको बताउनुभयो। विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) ले अन्तरराष्ट्रिय सरोकारको जनस्वास्थ्य आपत्कालीन अवस्था घोषणा गरेको छ।

मन्त्रालयले सङ्क्रमित व्यक्ति नेपाल भित्रिन सक्ने सम्भावित प्रवेशविन्दुमा स्वास्थ्यकर्मी परिचालन गरी शङ्कास्पद बिरामीको परीक्षणसमेत गरिरहेको उहाँले बताउनुभयो। नेपालमा अहिलेसम्म इबोला भाइरसको सङ्क्रमणको पुष्टि भएको छैन।

**लक्षण**

अचानक कडा ज्वरो आउने र अत्यधिक कमजोरी महसुस हुने, वान्ता हुने, पाखला लाग्ने र पेट दुख्ने, टाउको मासपेशी तथा घाँटी दुख्ने, छालामा डाबर देखिने, कलेजो तथा मिर्गौलाको कार्यमा असर पुग्ने, केही बिरामीमा आन्तरिक वा बाह्य रक्तश्राव हुने गर्दछ।

# महोत्तरीका १६ कामदार भारतमा बन्धक

महोत्तरी, २१ जेठ (रासस)।

महोत्तरी जिल्लाको बर्दिवास नगरपालिकाका १० पुरुष र छ महिला गरी १६ कामदार भारतको एक कुखुरा फार्ममा बन्धकमा परेका छन्।

बर्दिवास नगरपालिका-१४ मा अवस्थित मुसहर बस्तीका सो १६ जना कामदार भारतको हरियाना राज्यको जिन जिल्लाको झाझर थानाअन्तर्गतका हेलन गाउँमा रहेको एक कुखुरा फार्ममा बन्धकमा परेका हुन्। बर्दिवास १४ का १७ वर्षीय मुकेश १६ वर्षीय किसन १३ वर्षीय आशिक २१ वर्षीय अमृत निजकी पत्नी २० वर्षीया किरण, ३५ वर्षीय झरी निजकी पत्नी ३४ वर्षीया लालमुनी, छोरीहरु १६ वर्षीया काजल, १३ वर्षीया साजन, छोरा नौ वर्षीय शङ्कर सदा रहेका छन्।

३८ वर्षीय विसुनदेव, निजकी पत्नी ३५ वर्षीया महावती, छोरा १० वर्षीय अमृत, ४० वर्षीय मोहन, उनकी पत्नी ३५ वर्षीया बेचो सदा रहेको इलाका प्रहरी कार्यालय बर्दिवासका प्रहरी नायब उपरीक्षक गुरुप्रसाद तिमिल्सिनाले बताउनुभयो। मुसहर बस्तीका वीरेन्द्र सदा, कारिचरण सदा, अशोक सदा, अमरलाल सदा र मनोहर सदाले निजका आफन्तहरु बन्धकमा परेको भन्दै उनीहरुलाई भारतको राजधानी नयाँ दिल्लीस्थित नेपाली राजदूवाससँग समन्वय, सहकार्य गरेर उद्धार गराइ दिन निवेदन दिएको गुरुप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो।

उनीहरुलाई बर्दिवास नगरपालिका-३ गौरीडाँडा बस्ने दिलीप परियारले गत चैत १३ गते आकर्षक तलब र सेवा सुविधा तथा हलुको काम रहेको प्रलोभन दिँदै भारतको हरियाना राज्यको जिन जिल्लाको झाझर थानाअन्तर्गत हेलन गाउँमा रहेको एक कुखुरा फाराममा रोजगारीका लागि लगेका थिए।

बन्धक परेकामध्ये २० वर्षीया किरण सदाले साहुबाट लुकेर फोन गर्दै आफूहरुलाई डरधाक र यातना दिएर राखेको, ज्याला मजदुरी नदिएको र बन्धक बनाएर राखेको प्रहरीलाई बताएकी छिन्।

*बालबालिकाको सुरक्षा...*

दिएको छ।

यसैबीच, बालअधिकार अभियन्ता तथा संयुक्त राष्ट्रसङ्घको 'बालबालिका र सशस्त्र द्वन्द्व' सम्बन्धी ऐतिहासिक प्रतिवेदनकी लेखक डा. ग्रासा माशेलले बालबालिकाको सुरक्षा सुनिश्चित गर्नु वयस्कहरूको साझा दायित्व भएको बताउनुभएको छ। उहाँले प्रत्येक बालबालिकाको अधिकार सुरक्षित र सुनिश्चित हुने शान्तिपूर्ण विश्व निर्माणका लागि अन्तरराष्ट्रिय समुदायले थप प्रतिबद्धता देखाउनुपर्नेमा जोड दिनुभएको छ।

"बालबालिका सबैभन्दा पहिले बालबालिका नै हुन्। उनीहरूको संरक्षण गर्नु र उनीहरूका सबै अधिकार सुनिश्चित हुने शान्तिपूर्ण संसार निर्माण गर्नु हाम्रो दायित्व हो", उहाँले यस अवसरमा जारी गर्नुभएको सन्देशमा भन्नुभएको छ।

*बजेटले निजी ...*

७७ वटै जिल्लाका प्रतिनिधि तथा पर्यवेक्षक र महिला उद्यमी प्रतिनिधि गरी करिब एक हजार जनाको सहभागिता रहने अध्यक्ष सिंहले जानकारी दिनुभयो।

उद्यमी सम्मेलनले महासङ्घको सङ्गठनात्मक सुदृढीकरण, विगतको प्रगति समीक्षा, भावी कार्यदिशा एवं नीति तथा कार्यक्रम तर्जुमा गरी आवश्यक नीतिगत सुधारका विषयमा समयसापेक्ष निर्णय गर्ने उहाँले बताउनुभयो।

महाधिवेशनले महासङ्घ र केन्द्रीय महिला उद्यमी समितिको आगामी तीन वर्षका लागि नयाँ नेतृत्व चयन गर्नेछ।

सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८२३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np